# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०७२/७३)


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विकास शाखा**

बालुवाटार, काठमाण्डौ ।



२०७३ कार्तिक

# अध्ययन विधि तथा समेटिएको क्षेत्र

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **कार्यकारी सारांश** | | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **३-८** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ३ |
| १.३ | क्षेत्रगत उत्पादन र उत्पादकत्वको विश्लेषण | ५ |
| १.४ | प्रमुख पशुपंछी तथा माछाजन्य उत्पादन | ६ |
| १.५ | सिँचाइ सुविधा | ७ |
| १.६ | क्षेत्रगत कृषि कर्जा स्थिति | ७ |
| १.७ | कृषि उत्पादनको परिदृश्य | ८ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **९-१२** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ९ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | १० |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | ११ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **१३-१६** |
| ३.१ | पर्यटन उद्योग | १३ |
| ३.२ | घर-जग्गा कारोबार | १३ |
| ३.३ | वित्तीय सेवा | १३ |
| ३.४ | यातायात तथा संचार | १५ |
| ३.५ | शिक्षा तथा स्वास्थ्य | १५ |
| ३.६ | सेवा क्षेत्रको परिदृश्य | १५ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१७-१८** |
| ४.१ | कृषि क्षेत्र | १७ |
| ४.२ | उद्योग क्षेत्र | १७ |
| ४.३ | सेवा क्षेत्र | १७ |
| ४.४ | पूर्वाधार क्षेत्र | १८ |

# कार्यकारी सारांश

## कृषि

१. आर्थिक वर्ष २०७२/७३ मा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाको **कृषि क्षेत्रको समग्र अवस्थामा सामान्य गिरावट** आएको छ। समीक्षा वर्षमा खाद्य तथा अन्य वालीले ढाकेको भू-क्षेत्र तथा उत्पादनमा ह्रास आएको छ।

२. समीक्षा वर्षमा पशुजन्य एवम् वनजन्य उत्पादन, काठको उत्पादनमा वृद्धि भएको छ। प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा ८.० प्रतिशतले, गहुँको उत्पादनमा ६.० प्रतिशतले ह्रास** आएको छ भने **मकैको उत्पादनमा ३.४ प्रतिशतले वृद्धि** भएको छ।

३. समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा २७.५ प्रतिशतले वृद्धि** भएको छ।

## उद्योग

४. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ४८.२ प्रतिशत मात्र उपयोग** गरेका छन्। गत वर्ष **उद्योगहरुको औसत क्षमता उपयोग ५२.७ प्रतिशत** रहेको थियो।

५. समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल समूह, अन्य खाद्य पदार्थ समूह, पेय पदार्थ समूह, दुग्ध पदार्थ, सुर्तिजन्य वस्तु, कागज, सिमेन्ट, फलामको छड तथा पत्ति र घरेलु धातुका सामान आदिको उत्पादनमा ह्रास आएको छ भने तयारी कपडा, पश्मिना, औषधि र प्लाष्टिकजन्य वस्तु आदिको उत्पादन बढेको छ।

६. समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा १९.५ प्रतिशतले वृद्धि** भएको छ।

## सेवा

७. समीक्षा वर्षमा **घरजग्गा कारोबारमा बढोत्तरी आएको** छ। घर-जग्गा **रजिष्ट्रेशन संख्यामा ३.६ प्रतिशतले** बढेको छ भने रजिष्ट्रेशन वापतको **राजस्व संकलन ४०.० प्रतिशतले** बढ्न गएको छ।

८. वित्तीय सेवा अन्तर्गत अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेप २०.२ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाह २५.४ प्रतिशतले वृद्धि भएको** छ। गत वर्ष ७७.८ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा वर्षमा ८१.२ प्रतिशत कायम** रहेको छ।

९. बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.१ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५२.६ प्रतिशत** रहेको छ।

१०. समीक्षा वर्षमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १४.६ प्रतिशतले वृद्धि भएको** छ। त्यसैगरी, संचार क्षेत्र अर्न्तगत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको **मोवाईल**

**(सिडिएमए समेत) तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा ११.९ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित ईन्टरनेट सेवामा १९.२ प्रतिशतले वृद्धि** भएको छ ।

## चुनौती तथा परिदृष्य

११. निर्वाहस्तरमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायिकरणको मार्गमा अघि बढाउन अत्यावश्यक छ । यसको लागि **आधुनिक प्रविधिको अधिकतम प्रयोग, उन्नत बिउ-विजन तथा रासायनिक मलको सहज आपूर्तिमा निरन्तरता तथा वर्षैभरी सिँचाइ सुविधा उपलव्ध गराउनुपर्ने** चुनौतिहरु रहेका छन् ।

१२. **उर्जा समस्याको दीर्घकालीन समाधान, उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, व्यवसायी एवम् श्रमिकबीच सुमधुर श्रम सम्बन्ध तथा औद्योगिक पूर्वाधारको विकास गर्दै लगानी मैत्री वातावरणको माध्यमबाट उद्योग क्षेत्रको प्रवर्द्धन गर्नुपर्ने** चुनौतीहरु रहेका छन् ।

१३. कानूनी रुपमा खारेज भइसकेको **यातायात क्षेत्रको सिण्डिकेट प्रणाली व्यवहारिक रुपमै अन्त्य गर्न अझै सकिएको छैन** । पर्यटकहरु आकर्षित गर्नुपर्ने, भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक सम्पदाहरुको यथाशीघ्र पुनर्निर्माण, पर्यटकीय पूर्वाधारको विकास, दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच विस्तार एवम् वित्तीय सेवा विस्तार गर्ने जस्ता मुख्य चुनौतिहरु सेवा क्षेत्र अन्तर्गत रहेका छन् ।

१४. पूर्वाधार विकास तथा विस्तारमा **पर्याप्त बजेट व्यवस्था गर्ने, निर्धारित समयमै निर्माण कार्य सम्पन्न गर्ने तथा निर्माण कार्यको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने** चुनौतीहरु रहेका छन् ।

१५. स्थलगत अध्ययन, सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियाबाट प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा आर्थिक वर्ष २०७३/७४ मा **मुलुकको समग्र आर्थिक अवस्था सन्तोषजनक रहने अनुमान** गरिएको छ ।

१६. यस वर्ष पर्याप्त वर्षा भएको, कृषिजन्य सामग्री तथा ईन्धन आदिको आपूर्ति प्रणाली सामान्य रहेको तथा कुनै ठूलो रोग किरादीको प्रकोप नदेखिएकोले **धान, मकै, कोदो तथा दलहन बालीको उत्पादन वृद्धि हुने अनुमान** रहेको छ ।

१७. हालसम्मको स्थितिको आधारमा **तरकारी एवम् हिउँदे बालीको उत्पादन वृद्धि हुने अनुमान** छ ।

## परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०७२/७३ मा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा ०.१ प्रतिशतले बृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफलमा ०.६ प्रतिशतले ह्रास आएको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.५ प्रतिशतले ह्रास आएको छ। गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफलमा ०.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा मकै, आलु, उखु, सुर्ती, भटमास र दलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने धान, गहुँ, कोदो, जौं, फापर, सनपाट र तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।




**(ख) तरकारी तथा बागवानी :** समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ५.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा पनि उक्त बालीले ढाकेको क्षेत्रफलमा १.१ प्रतिशतले वृद्धि भएको थियो ।

**(ग) फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ५.५ प्रतिशतले बृद्धि भएको छ। गत वर्ष यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा ०.२ प्रतिशतले ह्रास आएको थियो ।

**(घ) क्षेत्रगत स्थिति :** समीक्षा वर्षमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल पोखरा र वीरगञ्ज क्षेत्रमा बृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा ह्रास आएको छ। तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफल पोखरा क्षेत्रमा सीमान्त रुपमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सबै क्षेत्रमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

**१.२ कृषि उत्पादन :** समीक्षा वर्षमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफुल तथा मसला) को कुल उत्पादन ०.०२ प्रतिशतले ह्रास आएको छ। गत वर्ष पनि यस्ता बालीहरुको उत्पादनमा ०.४ प्रतिशतले ह्रास आएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन ८.० प्रतिशतले, गहुँको उत्पादन ६.० प्रतिशतले र कोदोको उत्पादन १.४ प्रतिशतले ह्रास आएको छ । यसैगरी, जौंको उत्पादन १४.० प्रतिशतले र सनपाटको उत्पादन ३.७ प्रतिशतले ह्रास आएको छ भने मकैको उत्पादन ३.४ प्रतिशतले, फापरको उत्पादन १०.८ प्रतिशतले, आलुको उत्पादन ३.१ प्रतिशतले, उखुको उत्पादन ५.३ प्रतिशतले, सुर्तिको उत्पादन ९.१ प्रतिशतले, भटमासको उत्पादन १.० प्रतिशतले, दलहनको उत्पादन ५.० प्रतिशतले र तेलहनको उत्पादन १.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त बालीहरु मध्ये धानको उत्पादन १.४ प्रतिशतले, मकैको उत्पादन २.० प्रतिशतले, गहुँको उत्पादन ६.४ प्रतिशतले, कोदोको उत्पादन ०.२ प्रतिशतले र जौंको उत्पादन १.१ प्रतिशतले ह्रास भएको थियो । यसैगरी, सनपाटको उत्पादन २.३ प्रतिशतले, सुर्तिको उत्पादन १३.४ प्रतिशतले, भटमासको उत्पादन ५.५ प्रतिशतले र दलहनको उत्पादन १०.५ प्रतिशतले घटेको थियो । फापरको उत्पादन ६.० प्रतिशतले, आलुको उत्पादन १.२ प्रतिशतले, उखुको उत्पादन २.० प्रतिशतले र तेलहनको उत्पादन २.९ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मनसुन ढिलो शुरु भएको, पर्याप्त वर्षा नभएको, खेती गरिएको क्षेत्रफलमा कमी आएको तथा लामो समयसम्म जारी बन्द हडतालले रासायनिक मल एवम् ईन्धन आपूर्तिमा आएको असहजताका कारण प्रमुख खाद्य बाली धान, गहुँ, जौं र कोदोको उत्पादनमा ह्रास आएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा जनकपुर, पोखरा र धनगढी क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा सामान्य वृद्धि भएको छ भने काठमाण्डौ, विराटनगर, वीरगञ्ज, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ६.३ प्रतिशतले घटेको छ भने जनकपुर क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४.९ प्रतिशतले बढेको छ । खासगरी, प्रमुख खाद्य बाली धान, गहुँ, कोदो, जौं, सनपाट र सुर्तीको उत्पादन घट्न गएका कारण समीक्षा वर्षमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास भएको हो ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




(ख) **तरकारी तथा बागवानी :** समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ५.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा उक्त समूहको उत्पादन १.७ प्रतिशतले वृद्धि भएको थियो । सरकारको युवालक्षित कार्यक्रम, शहरीकरणमा भइरहेको विस्तारसँगै ताजा तरकारीको मागमा भएको वृद्धि, आकर्षक मूल्यका कारण व्यवसायिक तरकारी खेतमा आकर्षण एवम्

तरकारी खेती गरिएको क्षेत्रफलमा वृद्धि हुँदै जाँदा उत्पादनमा समेत क्रमिक रुपमा वृद्धि भइरहेको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन पोखरा र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन २.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो उत्पादनमा १.७ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत सुन्तलाको उत्पादन ८.४ प्रतिशतले, आँपको उत्पादन ७.४ प्रतिशतले र स्याउको उत्पादन १३.० प्रतिशतले ह्रास आएको छ । केराको उत्पादन ७.२ प्रतिशतले, अन्य फलफुलको उत्पादन ९.२ प्रतिशतले, मसलाको उत्पादन ५.० प्रतिशतले र कफीको उत्पादन ६.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष उक्त बालीहरुमध्ये सुन्तलाको उत्पादन घटेको थियो भने अन्य सबै फलफूल तथा मसलाको उत्पादन  बढेको थियो ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा फलफूल तथा मसला बालीको उत्पादन जनकपुर र पोखरा क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । यस समुहका बालीहरुको उत्पादन धनगढी क्षेत्रमा सबैभन्दा बढी १५.८ प्रतिशतले बढेको छ भने जनकपुर क्षेत्रमा सबैभन्दा बढी ११.२ प्रतिशतले ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.३ क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विश्लेषण

(क) **विशेष क्षेत्रगत उत्पादन :** विराटनगर अध्ययन क्षेत्र अन्तर्गत चिया, अलैंची तथा जुट प्रमुख रुपमा उत्पादन हुने बालीहरु हुन् । नेपालगञ्ज क्षेत्र अन्तर्गत मह तथा अदुवा प्रमुख रुपमा उत्पादन हुने कृषि उपजहरु हुन् भने धनगढी क्षेत्र अन्तर्गत रोजिन उत्पादनले अन्य क्षेत्र भन्दा पृथक महत्व राखेको पाइन्छ । यद्यपि, चिया खेती गरिएको क्षेत्रफल तथा उत्पादन यथास्थितिमा रहेको देखिन्छ । जुटको उत्पादन घटेको छ भने रोजिनको उत्पादन सामान्य मात्र वृद्धि हुन सकेको छ । पोखरा अध्ययन क्षेत्र अन्तर्गत विशेष पहिचान बनाएको सुन्तलाको उत्पादन सन्तोषजनक रुपमा वृद्धि हुन सकेको छैन । यस क्षेत्रमा सुन्तलाले ढाकेको क्षेत्रफल वृद्धि भएतापनि उत्पादन भने घटेको छ ।

(ख) **कृषि क्षेत्रमा बद्लिएको प्रवृत्ति :** विगत ३ वर्ष यता प्रमुख कृषिजन्य बालीहरुले ढाकेको क्षेत्रफल निरन्तर घटिरहेको छ भने तरकारी बालीले ढाकेको क्षेत्रफल बढ्दै गइरहेको छ । यसबाट कृषकहरु परम्परागत खाद्यान्न बालीको सट्टा तरकारी खेतीतर्फ आकर्षित हुँदै गइरहेको देखिन्छ ।

(ग) **नीतिगत व्यवस्था :** सरकारले उच्च सम्भावना बोकेका स्थानहरुलाई पकेट क्षेत्र निर्धारण गर्दै प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई  अभियानको रुपमा सञ्चालन गरिरहेको छ भने नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीति मार्फत व्यवसायिक तवरले तरकारी एवम् फलफुल खेती गर्न सहुलियतपूर्ण पुनरकर्जाको व्यवस्था गर्दै आइरहेको छ । त्यसैगरी, शहरीकरणमा भएको विस्तार एवम् ताजा तरकारीको मागमा भएको वृद्धिको परिणामस्वरुप व्यवसायिक तरकारी खेतीमा कृषकहरुको आकर्षण बढ्दै गएको हो ।

**(घ) उत्पादकत्व :** *उत्पादकत्व तर्फ समीक्षा वर्षमा धानको औसत उत्पादकत्व प्रति हेक्टर ३.३ मे.टन, मकैको २.७ मे.टन, गहुँको २.४ मे.टन र आलुको उत्पादकत्व प्रति हेक्टर १३.२ मे.टन रहेको देखिन्छ । त्यसैगरी, क्षेत्रगत रुपमा विश्लेषण गर्दा धानको उत्पादकत्व सबैभन्दा बढी काठमाण्डौ क्षेत्रमा प्रति हेक्टर ३.८ मे.टन, मकैको उत्पादकत्व विराटनगर र वीरगञ्ज क्षेत्रमा प्रति हेक्टर ३.५ मे.टन, गहुँको उत्पादकत्व नेपालगञ्जमा प्रति हेक्टर २.९ मे.टन र आलुको उत्पादकत्व काठमाण्डौ क्षेत्रमा प्रति हेक्टर १६.८ मे.टन रहेको पाइन्छ ।*

*मे.टन/हेक्टर*

**तालिका १ : प्रमुख बालीहरुको क्षेत्रगत उत्पादकत्व**

| विवरण | काठमाण्डौं | विराटनगर | जनकपुर | वीरगञ्ज | पोखरा | सिद्धार्थनगर | नेपालगञ्ज | धनगढी | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| धान | ३.८ | ३.४ | २.८ | ३.१ | ३.१ | ३.४ | ३.५ | ३.१ | ३.३ |
| मकै | २.५ | ३.५ | ३.३ | ३.५ | २.६ | २.३ | २.२ | १.६ | २.७ |
| गहुँ | २.१ | २.५ | २.२ | २.८ | २.१ | २.६ | २.९ | १.८ | २.४ |
| आलु | १६.८ | १३.३ | १२.२ | १०.५ | ११.८ | १२.१ | १४.० | १४.९ | १३.२ |

**(ङ) कृषि क्षेत्रमा आशालाग्दो तथा निराशाजनक स्थिति :** तरकारी, फलफुल एवम् अन्य नगदेबालीमा व्यवसायिक तवरले आकर्षण बढ्दै गईरहेको छ भने खाद्यान्न बालीहरुमा पनि आधुनिक प्रविधिको प्रयोग व्यापक रुपमा विस्तार हुँदै गईरहेको छ । परिणामस्वरुप निकट भविष्यमै यस्ता वस्तुहरुको उत्पादनमा देशले फड्को मार्नसक्ने संभावना छ । यसको विपरित कृषि क्षेत्रमा अहम् भूमिका रहेको सिँचाइ सुविधामा धेरै काम गर्न बाँकी छ । अझै ठूलो परिमाणमा धान आयात भइरहेको छ भने उखु र जुट जस्ता उच्च सम्भावना बोकेका बालीहरुको उत्पादन समेत वृद्धि गर्न सकिएको छैन ।

## १.४ प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**(क) पशुपंछी तथा माछाजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादनमा ३.१ प्रतिशतले, मासुको उत्पादन ४.७ प्रतिशतले तथा अण्डाको उत्पादन १९.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त उत्पादनहरुमध्ये दूधको उत्पादनमा ६.६ प्रतिशतले तथा मासुको उत्पादनमा २.३ प्रतिशतले वृद्धि भएको थियो भने अण्डाको उत्पादनमा ३.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादनतर्फ भैसी तथा राँगाको मासु उत्पादन २.१ प्रतिशतले, खसी, बोका तथा भेडाको मासु उत्पादनमा १२.२ प्रतिशतले, सुंगुर तथा बंगुरको मासु उत्पादन ४.२ प्रतिशतले वृद्धि भएको छ भने कुखुरा तथा हाँसको मासु उत्पादन ०.१ प्रतिशतले प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा माछाको उत्पादन ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसको उत्पादनमा ८.८ प्रतिशतले वृद्धि भएको थियो ।

**(ख) उत्पादन प्रवर्द्धनमा नीतिगत व्यवस्था :** सरकारले पछिल्ला योजनाहरु एवम् बजेट वक्तव्यमा दुध, मासु, अण्डा र माछाको व्यवसायिक उत्पादनलाई उच्च प्राथमिकता दिंदै प्राविधिक सहयोग एवम् अनुदानमूलक कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरिरहेको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकले माद्रिक नीति मार्फत व्यवसायिक पशुपंछीपालन एवम् मत्स्यपालनमा पुनरकर्जाको व्यवस्था गरेको छ । हालका वर्षहरुमा दुध, मासु, अण्डा र माछाको उत्पादन निरन्तर बढ्दै गइरहेको छ । उपभोक्ताहरुबाट यस्ता वस्तुहरुको उच्च माग हुने गरेको तथा आकर्षक मूल्यका कारण कृषकहरु यस्ता वस्तुहरुको उत्पादनतर्फ आकर्षित भएका हुन् ।

**(ग) वनजन्य उत्पादन :** समीक्षा वर्षमा अध्ययनले समेटेका क्षेत्रमा काठ र औषधिजन्य वस्तुको उत्पादनमा क्रमशः ०.६ प्रतिशतले र ०.२ प्रतिशतले वृद्धि भएको छ भने दाउरा र अन्य वस्तुको उत्पादनमा क्रमशः ८.६ प्रतिशतले र ४८.२ प्रतिशतले ह्रास आएको छ ।

**(घ) पशुपंछी तथा वनजन्य उत्पादनको क्षेत्रगत तुलना :** क्षेत्रगत रुपमा तुलना गर्दा सबै क्षेत्रमा दूध, मासु र अण्डाको उत्पादनमा वृद्धि भएको छ । माछाको उत्पादनतर्फ वीरगञ्ज क्षेत्रमा घटेको छ भने

अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादन वीरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा बृद्धि भएको छ भने बाँकी अन्य क्षेत्रमा गिरावट आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.५ सिँचाइ सुविधा :** समीक्षा वर्षमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिँचित क्षेत्रफल २.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष उक्त क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.९ प्रतिशत क्षेत्रफल सिँचित रहेको पाइन्छ । कुल सिँचित क्षेत्रफलमध्ये ३५.५ प्रतिशत कुलो, ५१.२ प्रतिशत नहर, ११.४ प्रतिशत बोरिङ्ग तथा २.० प्रतिशत पोखरीबाट सिँचाइ भएको देखिन्छ ।

चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




समीक्षा वर्षमा अध्ययन क्षेत्रका सम्पूर्ण क्षेत्रहरुको सिँचित क्षेत्रफलमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.६ क्षेत्रगत कृषि कर्जा स्थिति :** आर्थिक वर्ष २०७२/७३ मा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कृषि कर्जा २७.५ प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब ९९ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जामा ३५.८ प्रतिशतले वृद्धि भएको थियो ।

(क) २०७३ असार मसान्तको तथ्याङ्क अनुसार तरकारी बालीमा रु. ५ अर्ब १० करोड, अन्न बालीमा रु.४ अर्ब ६ करोड एवम् चिया तथा कफी खेतीमा रु. २ अर्ब ६६ करोड कर्जा प्रवाह भएको छ । त्यसैगरी, प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३१.८ प्रतिशत अर्थात् रु. २७ अर्ब ३ करोड रहेको छ भने सबैभन्दा न्यून माहुरीपालनमा ०.१ प्रतिशत अर्थात् रु. ९ करोड रहेको छ । समीक्षा वर्षमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ५.३ प्रतिशत रहेको छ ।

(ख) कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २३.५ प्रतिशत, वीरगञ्ज क्षेत्रको २१.२ प्रतिशत, विराटनगर क्षेत्रको १३.० प्रतिशत, जनकपुर क्षेत्रको १२.७ प्रतिशत, पोखरा क्षेत्रको १०.६ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १०.५ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश ५.० प्रतिशत तथा धनगढी क्षेत्रको ३.६ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.७ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्ष २०७३/७४ मा समयमै मनसुन शुरु भएकोले ९० प्रतिशतभन्दा बढी क्षेत्रफलमा धान खेती भएको र खेती पश्चात पनि मौसम अनुकुल नै रहेको, उन्नत जातको वीऊ विजनको प्रयोगमा वृद्धि हुँदै गएको, आवश्यक मलखादको उपलब्धतामा सहजता रहेको, चालु आर्थिक वर्षमा केही साना तथा मझौला सिंचाइ योजनाहरु सम्पन्न हुने लक्ष्य रहेको एवम् सरकारीस्तरबाट कृषि उत्पादनलाई परिलक्षित गरी लागु गरिएका विभिन्न कार्यक्रमहरु जस्तैः खाद्यान्न बीज वृद्धि आयोजना, व्यवसायिक तरकारी विकास आयोजना, अदुवा उत्पादन आयोजना, मौरी विकास आयोजना, कृषक तालिम कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत जिल्लास्तरीय कृषि प्रसार कार्यक्रम आदिको प्रभाव स्वरुप प्रमुख कृषि बालीहरु धान, मकै, गहुँ, दलहन र तेलहन वालीको उत्पादन बढ्ने अनुमान रहेको छ ।

(ख) सरकारले सञ्चालन गरेको अभियानमुखी युवालक्षित कार्यक्रम, कृषि वीमामा दिइदै आएको अनुदान, बजारमा आएको बृद्धि जस्ता कारणबाट तरकारी, फलफुल तथा मसलाको खेतीतर्फ कृषकहरु आकर्षित भई खेती गरिएको क्षेत्रफलमा समेत बृद्धि हुँदै गएकाले चालु आर्थिक वर्षमा तरकारी तथा वागवानी एवम् फलफुल तथा मसला समूहहरुको उत्पादनमा बृद्धि हुने अनुमान गरिएको छ ।

(ग) बैदेशिक रोजगारीबाट सीप सिकेर स्वदेश फर्केका युवाहरुलाई लक्षित गरी सरकारले ल्याएको युवा लक्षित विशेष कार्यक्रम, कृषि ऋणको व्याजमा सरकारले ल्याएको व्याज अनुदान कार्यक्रम तथा पशु वीमामा दिइदै आएको अनुदानका कारण युवा कृषकहरु आकर्षिक भई चालु आर्थिक वर्षमा थप केही पशुपंक्षि फार्महरु संचालनमा आएको तथा पशुसेवा कार्यालयहरुबाट आवश्यक प्राविधिक सेवामा समेत विस्तार गरिएबाट दूध, मासु लगायका पशुजन्य उत्पादन बढ्ने अनुमान गरिएको छ । त्यसैगरी, माछापालन व्यवसायलाई प्रोत्साहन गर्न पोखरी निर्माण तथा माछाका भुरामा अनुदानको कार्यक्रमलाई निरन्तरता दिइएको र मत्स्यपालन व्यवसाय विस्तार गर्न Fish Mission लगायतका प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालनमा रहेको, बजार मागमा आएको विस्तार र बढ्दो मूल्य लगायतका कारण समग्रमा चालु आर्थिक वर्षमा माछाको उत्पादनमा वृद्धि हुने अनुमान छ ।

(घ) भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणका लागि सरकारबाट दिइने अनुदानको रकम वितरण कार्यले तिव्रता पाएको हुँदा पीडितहरुले घर निर्माण गर्न आवश्यक पर्ने काठको माग बढ्न जाने हुँदा वनजन्य उत्पादन काठको उत्पादनमा वृद्धि हुन जाने देखिन्छ ।

# परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुले औसतमा ४८.२ प्रतिशत क्षमता उपयोग गरेका छन् । अघिल्लो वर्ष यस्तो औसत उपयोग ५२.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरुमा पश्मिना उद्योग (८८.० प्रतिशत), चाउचाउ उद्योग (८३.३० प्रतिशत) र बिजुलीको तार उत्पादन गर्ने उद्योग (७२.५६ प्रतिशत) रहेका छन् । त्यसैगरी, सबैभन्दा कम क्षमता उपयोग गर्ने उद्योगहरुमा चामल उद्योग (१३.६ प्रतिशत), फलामको रड उत्पादन गर्ने उद्योग (१९.८२ प्रतिशत) र हल्का पेय पदार्थ उत्पादन गर्ने उद्योग (२३.१६ प्रतिशत) रहेका छन् ।

(ख) समीक्षा वर्षमा लामो अवधीसम्म जारी बन्द हड्ताल तथा सीमा अवरोधका कारण अत्यावश्यक ईन्धन एवम् कच्चा पदार्थको आपूर्ति प्रभावित भएका कारण उद्योगहरुको क्षमता उपयोगमा ह्रास आएको हो । त्यसैगरी, भूकम्पबाट केही उद्योग प्रतिष्ठानहरुमा समेत क्षती पुग्नुको साथै भूकम्प पश्चातका दिनहरुमा आम सर्वसाधारणले अत्यावश्यक वस्तुहरु बाहेक अन्य उत्पादनहरु खरीद गर्नमा कम रुची देखाएका कारण समेत समग्र मागमा कमी आई उद्योगहरुको क्षमता उपयोगमा प्रभाव परेको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(ग) समीक्षा वर्षमा अध्ययनमा समावेश औद्योगिक उत्पादनहरुमध्ये तोरीको तेल, गहुँको पिठो, चामल, चकलेट, वियर, पश्मिना, गार्मेण्ट, चिरेको काठ, रोजिन, औषधि, प्लाष्टिकका सामान, ईटा र अल्मुनियम उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घिउ, भटमासको तेल, प्रशोधित दुध, पशुदाना, विस्कुट, चिनी, चाउचाउ, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ, चुरोट, धागो, सिन्थेटिक कपडा, जुटका सामान, प्रशोधित छाला, कागज, रंग, साबुन, सिमेन्ट, फलामे छड तथा पत्ति, जिआइ तार, घरेलु धातुका सामान, विजुलिको तार र कपडाको जुत्ताको उत्पादन ह्रास आएको छ ।

(घ) समीक्षा वर्षमा वनस्पती घिउ तथा तेलको उत्पादन, दुग्धजन्य पदार्थको उत्पादन र अन्य खाद्य पदार्थ समूहको उत्पादनमा क्रमशः १३.३ प्रतिशतले, १५.२ प्रतिशतले र १२.९ प्रतिशत ह्रास आएको छ । यसैगरी, पेय पदार्थ समुहको उत्पादनमा ०.४ प्रतिशतले घटेको छ भने अन्न तथा पशुदाना समुहको उत्पादनमा ०.९ प्रतिशतले बढेको छ । गार्मेण्ट र पश्मिनाको उत्पादनमा क्रमशः १३.४ प्रतिशत र १२०.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, रंगको उत्पादनमा २.६ प्रतिशतले, साबुनको उत्पादनमा १६.५ प्रतिशतले, जि.आई तारको उत्पादनमा २१.४ प्रतिशतले, घरेलु धातुका सामानको उत्पादनमा ३३.६ प्रतिशतले र जुत्ताको उत्पादनमा ८.० प्रतिशतले ह्रास आएको छ भने अल्मुनियमको उत्पादन ११.८ प्रतिशतले, ईटाको उत्पादन ८.९ प्रतिशतले, प्लाष्टिकका सामानको उत्पादनमा १२.१ प्रतिशतले र रोजिनको उत्पादन १०.७ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा सुर्तिजन्य वस्तु चुरोटको उत्पादनमा ७.१ प्रतिशतले, मदिरा उत्पादनमा १८.३ प्रतिशतले र हल्का पेय पदार्थको उत्पादनमा ३.९ प्रतिशतले कमी आएको छ भने वियरको

उत्पादनमा १३.३ प्रतिशतले वृद्धि भएको छ।  अन्य खाद्य पदार्थ समूह तर्फ विस्कुट र चिनीको उत्पादनमा क्रमशः १७.६ प्रतिशतले र १४.६ प्रतिशतले ह्रास आएको छ। यसैगरी, सिन्थेटिक कपडाको उत्पादनमा २०.३ प्रतिशतले, धागोको उत्पादन ५.७ प्रतिशतले, जुटका सामानको उत्पादन १७.९ प्रतिशतले, प्रशोधित छालाको उत्पादन ४७.३ प्रतिशतले, कागजको उत्पादन २४.३ प्रतिशतले, फलामको छड तथा पत्तिको उत्पादन २१.२ प्रतिशतले ह्रास आएको छ भने टायर तथा ट्यूवको उत्पादन  भने पूर्णरुपले बन्द भएको छ।

(ङ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतया प्रशोधित दूध, हल्का पेय पदार्थ, पस्मिना, चाउचाउ, रंग, औषधी, जुत्ता आदिको उत्पादन हुने गरेको छ। विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, चिनी, चाउचाउ, चिया, जुटका सामान, प्लाष्टिकका सामान, फलामको छड तथा पत्ति, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, ईटा, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ। त्यसैगरी वीरगञ्ज क्षेत्रमा मुख्य रुपमा वनस्पति घिउ, तेल, प्रशोधित दूध, पशुदाना, चिनी, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदिको उत्पादन हुने गरेको छ। सिद्धार्थनगर क्षेत्रमा मुख्यतः गहुँको पिठो, पेय पदार्थ, औषधि, सिमेण्ट उत्पादन हुने गरेको छ। त्यसैगरी, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, चामल, सिमेण्ट आदिको उत्पादन हुने गरेको छ भने धनगढी क्षेत्रमा गहुँको पिठो, रोजिन, साबुन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा वर्षमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १९.५ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब २९ अर्ब २७ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा २२.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा प्रवाहित कुल कर्जा मध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३३.२ प्रतिशत रहेको छ।

(ख) समीक्षा वर्षमा विद्युत, ग्याँस तथा पानी शीर्षकमा ३५.३ प्रतिशतले, निर्माण क्षेत्रमा २७.८ प्रतिशतले, खानी सम्बन्धी शीर्षकमा २५.० प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक शीर्षकमा २४.७ प्रतिशतले, पर्यटन उद्योग/सेवामा २१.४ प्रतिशतले र उत्पादन सम्बन्धी उद्योगमा ११.८ प्रतिशतले कर्जा वृद्धि भएको छ।

चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)



(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जामध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४७.४ प्रतिशत कर्जा प्रवाह भएको छ भने सबैभन्दा न्यून अर्थात् ०.६ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा ३१.१ प्रतिशत, पर्यटन उद्योगमा ९.० प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा ७.९ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ५७.८ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.४ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.३ प्रतिशत, पोखरा क्षेत्रको अंश ७.० प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.७ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश २.७ प्रतिशत, धनगढी क्षेत्रको अंश २.२ प्रतिशत र जनकपुर क्षेत्रको अंश १.९ प्रतिशत रहेको छ । सबैजसो ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहेका र ठूलो कर्जा लगानी सम्बन्धी सम्पूर्ण अख्तियारी प्रायः केन्द्रीय कार्यालयहरुमै रहने गरेकाले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) सर्वसाधाणको उपभोग प्रवृत्तिमा आएको परिर्वतन एवम् बजार मागमा भएको बृद्धिका कारण उद्योगहरुको क्षमता उपयोगमा विस्तार हुँदै जाने तथा उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थको सहज उपलव्धताका कारण चाउचाउ, चकलेट, वियर र हल्का पदार्थ जस्ता वस्तुहरुको उत्पादनमा बढोत्तरी आउने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षमा मौसम अनुकुल रहेकोले धान, गहुँ, तेलहन तथा दलहन वालीको उत्पादन बढ्ने अनुमान गरिए सँगै यी वस्तुहरुमा आधारित उद्योगहरुको उत्पादन चामल, पिठो, दाल र तेल जस्ता वस्तुहरुको समेत उत्पादन बढ्न जाने देखिन्छ ।

सरकारबाट उखुको मूल्य निर्धारणमा हुने गरेको ढिलाई तथा मूल्य निर्धारण पश्चात् पनि उद्योगहरुले किसानहरुलाई उखुको मूल्य भुक्तानी समयमा नै नगर्ने जस्ता कारणबाट किसानहरुको उखु खेतीतर्फको आकर्षणमा कमी आउँदै गरेको कारणबाट चिनी उद्योगको उत्पादनमा सुधार आउन नसक्ने अनुमान गरिएको छ ।

(ख) भूकम्प पश्चात् प्रायः बन्द रहेका गार्मेण्ट उद्योगहरु पुनः पूर्ववत् अवस्थामा सञ्चालन हुन थालेका र नेपाली गार्मेण्टबाट उत्पादित कपडाहरुमा अमेरिकाले भन्सार सहुलियत दिएका कारण गार्मेण्टको निर्यात बढ्ने हुँदा गार्मेण्ट उद्योगहरुको उत्पादन बढ्न जाने देखिन्छ । भूकम्प पश्चातको पुनर्निमाण कार्यले गति लिने भएका कारणबाट निर्माणजन्य सामग्रीको मागमा आउने बढोत्तरी, निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुको थप विस्तार हुँदै गएबाट ईटा, सिमेन्ट, छड लगायतका बस्तुहरुको उत्पादनमा समेत बृद्धि हुने अनुमान गरिएको छ ।

(ग) कच्चा पदार्थको सहज आपूर्ति, समग्र औद्योगिक वातावरणमा आएको सुधार तथा सरकारी एवम् नीजि स्तरबाट स्वास्थ्य क्षेत्रमा वृद्धि भइरहेको लगानीका कारण औषधीको माग बढ्न सक्ने हुँदा स्वदेशी औषधिजन्य वस्तुहरुको उत्पादनमा बृद्धि हुने सम्भावना देखिन्छ ।

(घ) चालु आर्थिक वर्षमा हासिल गरिएको आर्थिक विकासले सर्वसाधारणको आर्थिक स्थितिमा पारेको सकारात्मक प्रभाव तथा आवश्यक वस्तुको सहज आपूर्तिका कारण देशमा भौतिक पूर्वाधार निर्माण कार्यले तिब्रता पाएसगैं देशको विकास निर्माण कार्यले अझै बढि गति लिने देखिन्छ ।

(ङ) पुनर्निर्माण कार्यको अपरिहार्यता एवम् पूर्वाधार विकासमा दिइएको उच्च प्राथमिकताका कारण चालु वर्षमा निर्माण क्षेत्रको विस्तार हुने देखिन्छ भने निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या १.७ प्रतिशतले वृद्धि भई २ हजार ७५ पुगेको छ भने होटल शैया संख्या ३.७ प्रतिशतले वृद्धि भई ५९ हजार ५५४ पुगेको छ । गत वर्षको सोही अवधिमा होटल संख्यामा ४.१ प्रतिशतले वृद्धि भएको थियो भने शैया संख्यामा ५.४ प्रतिशतले वृद्धि भएको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा वर्षमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा ३.६ प्रतिशतको वृद्धि भएको छ । गत वर्ष सो संख्यामा ५.२ प्रतिशतले ह्रास आएको थियो । यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ४०.० प्रतिशतले वृद्धि भई रु. १४ अर्ब १४ करोड कायम भएको छ । गत वर्ष यस्तो राजस्व संकलनमा ४५.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्यामा ४१.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो संख्यामा ६.७ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) समीक्षा वर्षमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा ४४.१ प्रतिशतले, वीरगञ्ज ८.१ प्रतिशतले, पोखरा क्षेत्रमा ४.७ प्रतिशतले, नेपालगञ्ज क्षेत्रमा २.२ प्रतिशतले र धनगढी क्षेत्रमा १०.३ प्रतिशतले वृद्धि भएको छ भने विराटनगर क्षेत्रमा ८.८ प्रतिशतले, जनकपुर क्षेत्रमा १७.४ प्रतिशतले र सिद्धार्थनगर क्षेत्रमा ०.७ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन जनकपुर क्षेत्रमा बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये वीरगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ७५.५ प्रतिशतले र धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १६.८ प्रतिशतले वृद्धि भएको छ । क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा पोखरा र जनकपुर क्षेत्रमा घर/भवन नक्सा पास संख्यामा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १७११, विकास बैंकका ७९८, वित्त कम्पनीका १७१ तथा लघुवित्त विकास बैंकका १०४१ गरी जम्मा ३७२१ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् १०५१ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १९० वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

(ख) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०.२ प्रतिशतले वृद्धि भई रु. १९ खर्ब ६२ अर्ब २७ करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप २३.० प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तारका कारण सर्वसाधारणको वित्तीय

पहुँचमा भएको अभिवृद्धि एवम् रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २५.४ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ९३ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा प्रवाह २३.७ प्रतिशतले वृद्धि भएको थियो । बैंक तथा वित्तीय संस्थाको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा बढी रहेको कारण गत वर्ष ७७.८ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा वर्षमा ८१.२ प्रतिशत कायम भएको छ ।

**तालिका २**
**निक्षेप तथा कर्जाको क्षेत्रगत अंश**

(रु.दस लाखमा)

| क्षेत्र | निक्षेप | | कर्जा | | कर्जा निक्षेप अनुपात |
|---|---|---|---|---|---|
| | २०७३ असार मसान्त | निक्षेपको क्षेत्रगत अंश | २०७३ असार मसान्त | कर्जाको क्षेत्रगत अंश | २०७३ असार मसान्त |
| **काठमाण्डौं** | १३३६१४६.४१ | ६८.०९ | ८३८३२५.५९ | ५२.६१ | ६२.७४ |
| **विराटनगर** | ११९३४५.८९ | ६.०८ | १७६१४५.०७ | ११.०५ | १४७.५९ |
| **जनकपुर** | ५१५३१.६२ | २.६३ | ४६५५७.६६ | २.९२ | ९०.३५ |
| **वीरगञ्ज** | १०८९७९.९७ | ५.५५ | १७९२५८.१४ | ११.२५ | १६४.४९ |
| **पोखरा** | १४९८११.८० | ७.६३ | १३०२७२.७८ | ८.१७ | ८६.९६ |
| **सिद्धार्थनगर** | ११४३०२.४२ | ५.८२ | ११८८१९.३५ | ७.४६ | १०३.९५ |
| **नेपालगञ्ज** | ५०२५८.५२ | २.५६ | ६०९३४.३० | ३.८२ | १२१.२४ |
| **धनगढी** | ३१८९८.३३ | १.६३ | ४३२५७.९६ | २.७१ | १३५.६१ |
| **जम्मा** | **१९६२२७४.९६** | **१००.००** | **१५९३५७०.८४** | **१००.००** | **८१.२१** |

श्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु ।

(घ) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.१ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.६ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.६ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५२.६ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश वीरगञ्ज क्षेत्रको ११.६ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.७ प्रतिशत रहेको छ । काठमाण्डौ तथा वीरगञ्ज क्षेत्रमा आर्थिक गतिविधि बढी हुने गरेकोले यी क्षेत्रमा कर्जा परिचालनको अंश उच्च देखिएको हो ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा वर्षमा अध्ययन क्षेत्र अन्तर्गत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १४.६ प्रतिशतले वृद्धि भएको छ; जसमध्ये मोटरसाईकलको संख्या १४.७ प्रतिशतले तथा अन्य सवारी साधनको संख्या १४.१ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) समीक्षा वर्षमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा ११.९ प्रतिशतले वृद्धि भई ३ करोड १४ लाख ६१ हजार ३ सय ७८ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा १९.२ प्रतिशतले वृद्धि भई १ करोड ३७ लाख ८४ हजार ६ सय १८ पुगेको छ ।

यस सम्बन्धी विवरण तालिका २२ मा दिइएको छ ।

## ३.५ शिक्षा तथा स्वास्थ्य

(क) अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त शैक्षिक सत्र २०७३ को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि. सहित) २६ हजार ७ सय १८ रहेका छन् जसमध्ये १९ हजार ३ सय ३१ सरकारी/सामुदायिक र ७ हजार ३ सय ८७ संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ कुल विद्यार्थी संख्यामा ३.० प्रतिशतले ह्रास आई ३९ लाख ६१ हजार ५९० कायम भएको छ । अध्ययन क्षेत्रमा रहेका ४ सय ५४ प्राविधिक शिक्षालयबाट कुल ३७ हजार ३ सय ७७ जनाले प्राविधिक शिक्षा प्राप्त गर्नसक्ने देखिन्छ ।

(ख) सरकारी/सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दो क्रममा छ भने विद्यालयहरु गाभिने क्रमसँगै विद्यालयहरुको संख्या पनि घट्दै गइरहेको देखिन्छ । यद्यपि, शिक्षक/शिक्षिकाको संख्या भने बढ्दै गइरहेको छ । अर्कोतर्फ, संस्थागत विद्यालयहरुमा विद्यालय संख्या तथा विद्यार्थी संख्यामा वृद्धि भइरहेको पाइन्छ ।

यस सम्बन्धी विस्तृत तथ्याङ्क तालिका १९ मा पेश गरिएको छ ।

(ग) समीक्षा वर्षमा अध्ययन क्षेत्रमा सरकारी तथा निजी गरी कुल ४ सय ९४ अस्पताल रहेका छन् जसमा १ सय ३६ वटा अस्पताल सरकारी क्षेत्रबाट एवम् ३ सय ५८ वटा निजी क्षेत्रबाट संचालित छन् । सरकारी क्षेत्रबाट संचालित अस्पतालमा कुल ९ हजार ३ सय २८ शैया छन् भने १ हजार ६ सय २७ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् । निजी क्षेत्रबाट संचालित अस्पतालहरुमा भने कुल १७ हजार ३ सय ८३ शैया छन् भने ३ हजार १ सय ५ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् ।

यस सम्बन्धी विवरण तालिका २० मा दिइएको छ ।

## ३.६ सेवा क्षेत्रको परिदृश्य(Outlook)

(क) भूकम्प एवम् बन्द हडतालका असरहरु कम हुँदै गएको, होटल व्यवसायमा आकर्षण बढ्दै गएको तथा देशमा अवस्थित प्रमुख पर्यटकीय स्थलहरुको सकारात्मक प्रचार-प्रसार, आन्तरिक पर्यटनमा देखिएको बढ्दो आकर्षण, यातायात आवागमनमा देखिएको सहजता, आदि लगायतका

कारणले गर्दा स्वदेशी तथा विदेशी पर्यटकहरुको आगमन संख्यामा क्रमिक सुधार आउने देखिन्छ ।

(ख) भूकम्पको क्षतिलाई मध्यनजर गर्दै भौतिक संरचना निर्माणमा नयाँ मापदण्ड लागु गरिएको, पुनर्निर्माणमा अनुदान दिने कार्य अघि बढिरहेको एवम् नयाँ घर/भवन निर्माण प्रारम्भ भैसकेकोले चालु आर्थिक वर्षमा घर/भवन नक्शा पास संख्या वृद्धि हुने देखिन्छ ।

(ग) दुर्गम तथा पहाडी क्षेत्रहरुका सर्वसाधारणमा वित्तीय सेवा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले लिएको नीति तथा वित्तीय साक्षरता अभियानको परिणाम स्वरुप ती क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुनगई सर्वसाधारणहरुको वित्तीय पहुँचमा अभिवृद्धि हुने देखिन्छ ।

(घ) सरकारीस्तरबाट स्वास्थ्य क्षेत्रमा दिइएको प्राथमिकता, स्वास्थ्य संस्थाहरुको स्तरोन्नति एवम् चिकित्सकहरुको संख्यामा वृद्धि तथा निजीस्तरबाट पनि स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि जस्ता कारणले चालु आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा केही विस्तार आउने अनुमान गरिएको छ । त्यस्तै, विद्यालयहरु गाभ्ने कार्य हुँदै गर्दा विद्यालयको संख्यामा भने केही कमी आउने देखिएपनि जिल्ला शिक्षा कार्यालयहरुले विद्यार्थी भर्ना अभियान कार्यक्रमहरु संचालनमा ल्याएका कारण विद्यार्थीको संख्यामा केही वृद्धि हुने सम्भावना छ ।

(ङ) सूचना तथा सञ्चारको क्षेत्रमा भइरहेको तीव्र प्रतिस्पर्धा तथा लगानीमा भएको विस्तारका कारण सेवाको गुणस्तर अभिवृद्धि हुनका साथै यस्तो सेवा ग्रामीण क्षेत्रमा पनि अझै विस्तार हुँदै जाने देखिन्छ ।

## परिच्छेद ४

# प्रमुख चुनौतीहरू

### ४.१ कृषि क्षेत्र

- कृषि क्षेत्र अझै निर्वाहमूखी पद्धति भन्दा माथि उठ्न सकेको छैन । उन्नत बीउ-बीजन, रासायनिक मल, किटनाशक औषधी तथा आधुनिक यन्त्र-उपकरणहरुको व्यापक प्रयोग मार्फत उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्दै यस क्षेत्रलाई व्यवसायिकरणको मार्गमा अगाडी बढाउने सर्वोपरी चुनौती रहेको छ ।
- मुलुक जलस्रोतमा सम्पन्न भएपनि कुल खेती गरिएको क्षेत्रफलको आधा भन्दा कम जमीनमा मात्र आधुनिक प्रणालीको सिँचाई सुविधा उपलब्ध छ । मनसुनमा आधारित कृषि क्षेत्रलाई आधुनिक प्रकृतिका नहर/कुलोमार्फत वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउनुपर्ने चुनौती रहेको छ ।
- जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्नसक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनसँग समायोजन हुँदै जाने प्रविधि अवलम्वन गर्नुपर्ने महत्वपूर्ण चुनौती देखिएको छ ।
- बिचौलियाका कारण किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसकेका तथा उपभोक्ताहरुले बढी मूल्य तिर्नुपर्ने अवस्था रहेको छ । यस्तो स्थितिको अन्त्य हुनु आवश्यक देखिन्छ ।

### ४.२ उद्योग क्षेत्र

- उद्योग क्षेत्रमा बन्द, हडताल तथा चन्दा असुली जस्ता समस्यामा केही कमी आएतापनि नयाँ संविधान जारी पश्चात् सृजित नीतिगत अन्यौलतालाई सम्बोधन गर्दै उद्योगी/व्यवसायीहरुमा लगानीका लागि मनोबल बढाउने चुनौति रहेको छ ।
- उर्जा समस्याको दीर्घकालीन समाधान, आवश्यक पूर्वाधारको विकास, उद्योगी तथा श्रमिकबीच सुमधुर श्रम सम्बन्ध कायम गरी लगानी मैत्री वातावरण निर्माण गर्नु अत्यावश्यक छ । यस्ता पक्षहरुमा अपेक्षित कार्य हुन नसक्दा उद्योग क्षेत्रले गति लिन कठीनाई भइरहेको छ ।
- तुलनात्मक लाभका वस्तुहरु भनि पहिचान गरिएका वस्तुहरुको समेत लागत प्रभावी (Cost Effective) रुपमा उत्पादन गर्न नसकिएको अवस्था छ । अन्तराष्ट्रिय बजारमा यस्ता वस्तुहरुको निर्यात प्रवर्द्धन गरी अपेक्षित लाभ हासिल गर्ने कार्य अझै चुनौतीकै रुपमा रहेको छ ।

### ४.३ सेवा क्षेत्र

- भूकम्पबाट क्षतीग्रस्त ऐतिहासिक पर्यटकीय सम्पदाहरुको यथाशीघ्र पुनर्निर्माण तथा हिमाली क्षेत्रका पदमार्गहरुको मर्मत सम्भार गरी पर्यटकहरु आकर्षित गर्ने तथा पर्यटन क्षेत्रलाई पुनर्जीवित गर्नुपर्ने चुनौती रहेको छ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या ह्रास हुँदै गईरहेको छ भने सरकारको लगानी बढ्दै गइरहेको छ । दुर्गम तथा ग्रामीण क्षेत्रका वाल-वालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच एवम् सरकारी लगानीबीचको तादात्म्यता कायम राख्नुपर्ने चुनौती रहेको छ ।
- शहरी क्षेत्रमा केन्द्रित विशेषज्ञ चिकित्सकहरु एवम् आधुनिक स्वास्थ्य सुविधा ग्रामीण क्षेत्रहरुतर्फ प्रवाह गर्न सकिएको छैन । ग्रामीण क्षेत्रमा आधुनिक स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्ने चुनौती विद्यमान छ ।
- बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रहरुमा शाखा विस्तार गर्दै लगेपनि अझै कतिपय दुर्गम तथा ग्रामीण क्षेत्रका जनताहरु आधुनिक बैंकिङ्ग प्रणालीको परिधिभित्र आउन सकेका छैनन् । यस्ता

क्षेत्रहरुमा आधुनिक बैंकिङ्ग सेवाको विस्तार मार्फत बचतकर्ताहरुमा बैंकिङ्ग बानीको विकास गर्ने र संकलित वित्तीय साधन सोही क्षेत्रको कृषि, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उपयोग गर्नुपर्ने चुनौती रहेको छ ।

- कानूनी रुपमा खारेज भइसकेको यातायात क्षेत्रको सिण्डिकेट प्रणाली व्यवहारिक रुपमा भने अझै जीवित रहेको छ । चर्को ढुवानी भाडाका कारण उद्योगहरुको उत्पादन लागत बढ्न गएको व्यापक गुनासो छ । यातायात क्षेत्रमा जारी सिण्डिकेट प्रणाली व्यवहारिक रुपमै अन्त्य गर्नुपर्ने चुनौति सम्बोधन गर्न सकिएको छैन ।

## ४.४ पूर्वाधार क्षेत्र

- पर्याप्त बजेटको अभाव एवम् विनियोजित बजेट समेत समयमा खर्च हुन नसक्नु पूर्वाधार सम्वद्ध परियोजनाहरुको विकासको लागि समस्याकै रुपमा रहिआएको छ । यसबाट राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माणमा समेत अपेक्षित प्रगति हुन सकिरहेको छैन ।
- ठेक्का पट्टामा प्रणालीगत सुधार गर्दै पूर्णतः ई-बिडिङ्ग कार्यान्वयन गर्न अझै सकिएको छैन । निर्माण सम्बद्ध कामको गुणस्तरीयतामा बेलाबखत प्रश्नहरु उठिरहेका पाइन्छन् । गुणस्तरीय निर्माण तथा निर्धारित समयमै निर्माण कार्य सम्पन्न गर्ने चुनौतीहरु विद्यमान छन् ।
- भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण कार्य अपेक्षित गतिमा अघि बढ्न सकिरहेको छैन । अनुदान वापतको रकम उपलव्ध हुनमा समेत ढिलाई भइरहेको छ । यस्ता भौतिक संरचनाहरुलाई भूकम्प प्रतिरोधी बनाउँदै यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ ।

***